बैठक संख्या २६    समयः विहान ११ बजे    बैठक मिति २०८०।०३।२४

आज मिति २०८० साल असार २४ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रितः

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. डिजिटल एक्सरे मेसिन माग गर्ने सम्बन्धमा।
२. एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० पारित गर्ने सम्बन्धमा।
३. करार कर्मचारी करार सम्झौता म्याद थप गर्ने सम्बन्धमा।
४. नवप्रवर्तन साझेदारीकोषको गापा अंश विनियोजन गर्ने सम्वन्ध।
५. सडक वोर्डको गापाँ अंश २ लाख विनियोजन गर्ने सम्बन्धमा।
६. जेसिवि भाडाको रकम भुक्तानी गर्ने सम्वन्धमा।
७. राष्ट्रपति शैक्षिक सुधारकार्यक्रममा अधुरा रहेका विद्यालय भवनहरुको छानविन गर्ने सम्वन्धमा।
८. हाल सम्म भुक्तानी वाँकी रहेका योजना तथा कार्यक्रम सम्बन्धमा।
९. कन्टन्जेसीबाट भुक्तानी गरिएको रकम अनुमोदन गर्ने सम्बन्धमा।
१०. औद्योगिक ग्रामको ठेक्काको म्याद सकिएको सम्बन्धमा ।
११. विविध।

सिंह धामी
प्रशासकीय अधिकृत

CamScanner

निर्णयहरु:

निर्णय नं १ प्रस्ताव न १ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकामा १० शैय्याको आधारभूत अस्पताल निर्माण सम्पन्न भइसकेको अवस्थामा एक्सरे मेसिन अतिआवश्यक रहेकोले सङ्घीय सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारको सम्बन्धित निकाय समक्ष डिजिटल एक्सरे मेसिन माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २ प्रस्ताव न २ माथि छलफल गर्दा एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ प्रस्ताव न ३ माथि छलफल गर्दा हाललाई करार कर्मचारीहरुको म्याद २०८० श्रावण मसान्त सम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४ प्रस्ताव न ४ माथि छलफल गर्दा नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालित कार्यक्रमको अपुग गाउँपालिका अंश इसिडि कोटा थप शीर्षकको ४,००,०००/- (चार लाख ) रकम रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५ प्रस्ताव न ५ माथि छलफल गर्दा सडकवोर्ड अन्तर्गतको सडक सफाइमा गाउँपलिका अंश रु २०००००/- (दुइ लाख) रकम खेडा एगरभगे सडकको बाकी रकम बाट रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाउँपालिका वडा अन्तर्गत रहेका सडकहरु सफाइ गर्न भाडामा लिइएको व्याकलोडरको सम्झौता बमोजिमको तिर्न बाँकि रु ८०००००/- (आठ लाख) रकम खेडा एगरभगे सडकको बचत रकम बाट रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ प्रस्ताव न ७ माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बनेका तर अधुरा रहेका विद्यालयहरुको अनुमगन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि तपसिल अनुसार समिति गठन गर्ने सर्वसम्मत पारित गरियो।

तपसिल

| | | |
|---|---|---|
| १. श्री पुष्कर सिह धामी | प्रमुख प्रशासिकीय अधिकृत | संयोजक |
| २. श्री दलवहादुर बोहरा | लेखापाल | सदस्य |
| ३. श्री नविन सिह ठगुन्ना | प्राविधिक शाखा प्रमुख | सदस्य |
| ४. श्री रविन्द्र शाह | रोजगार संयोजक | सदस्य |
| ५. श्री प्रेम राज जोशी | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

CamScanner

**निर्णय नं ८** प्रस्ताव न ८ माथि छलफल गर्दा गत आव देखी भुक्तानी बाँकी रहेका योजना तथा कार्यक्रमहरुका सम्बन्धमा चालु आव २०७९।८०को अल्या रकमबाट भुक्तानी हुने गरी अर्को कार्यपालिका बैठकबाट प्राथमिकता निर्धारण गरी क्रमश भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ९** प्रस्ताव न ९ माथि छलफल गर्दा चालु आव २०७९।८०को कन्टन्जेन्सी रकमबाट भुक्तानी गरिएका तपसिल अनुसारका भुक्तानीहरु अनुमोदन गर्ने गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क स | योजनाको नाम | खर्च भएको | रकम |
|---|---|---|---|
| १ | स्वास्थ्य भवन जामिर | कम्प्युटर जन्य सामाग्री | २२२३८४ |
| | | कार्यालय मर्मतसम्भार तथा रगरोगन सामाग्री | ६३८२५६ |
| २ | प्रशासकीय भवन | इन्धन खरिद | ४१३२५६ |
| ३ | इरकोट स्वास्थ चौकी | रेनकोट खरिद | ४५२०० |
| ४ | जामीर साङपाड सडक | विविध कार्यालय सामाग्री | ७१८९० |
| ५ | छिपुलथान डाइभर्सिटी पार्क | टोनर रिफिल तथा कम्प्युटर मर्मत | ५७६०० |
| ६ | फम्पेखापा जनहितमावि भवन निर्माण केदारेश्वरीमावि भवन निर्माण जामिर साङपाङ सडक र छिपुलथान पार्क निर्माण | झोपु लठ्ठा लगायतका सामाग्री ढुवानी | ९०००० |

**निर्णय नं १०** प्रस्ताव न १० माथि छलफल गर्दा यस कार्यालयको ठेक्का न 09-079/80 Construction of Industrial village को लागि नागार्जुन कन्सट्रक्सन सग मिति २०८०।०१।१४ गते सम्पन्न भएको सम्झौता बमोजिम मिति २०८०।०३।१५ गते ठेक्का सम्झौताको म्याद सकिएको भएपनि साइट सम्बन्धी विवादका कारण कामनै सुरु गर्न नसकेकोले उक्त ठेक्का सम्झौताको म्याद थप नगर्ने निर्णय सर्वसम्मत पारित गरियो। साथै यस गाउँपालिका अन्तर्गत ठेक्का मार्फत सञ्चालन हुने योजनाहरुको विशेष कारण बाहेक अन्य अवस्थामा कुनै पनि ठेक्काको म्याद थप नगर्ने निर्णय समेत सर्वसम्मत पारित गरियो।

सिंह धामी
प्रशासकीय अधिकृत

CamScanner